राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

**२०७८ साल फागुन २६ गते विहीबारका दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ७४औं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

**निर्णय नं.१:**

यस अघि भए गरेका निर्णयहरुको समिक्षा गरि कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं.२:**

अधिकृतस्तर आठौं तहको मेडिकल अधिकृत पदमा कार्यरत मेडिकल अधिकृत डा. श्री धन बहादुर खत्री सरुवा भई गएकाले रिक्त हुन आएको उक्त पदमा कार्यालयबाट मिति २०७८/११/०९ मा करार सेवाका लागि भएको विज्ञापन अनुमोदन गर्ने ।

**निर्णय नं.३:**

आ.ब. २०७८/०७९ को लागि नदीजन्य पदार्थको ठेक्काद्वारा राजश्व संकलनका लागि विभिन्न मितिमा तीनपटक सूचना प्रकाशित गर्दा कुनैपनि बोलपत्रदाताबाट ठेक्का पर्न नआएको सन्दर्भमा मिति २०७८/११/२३ को राजश्व परामर्श समितिको सिफारिस बमोजिम यस गाउँपालिका क्षेत्रका नदीनालाहरुबाट नदीजन्य पदार्थहरु आ.ब. २०७८/०७९ को बाँकि अवधिको लागि उत्खनन्, संकलन तथा निकासी एवं राजश्व संकलन गर्ने कार्य तोकिएको मापदण्ड, प्रक्रिया र समयावधि भित्र अमानतबाट संचालन गर्न कार्यालयलाई निर्देशन दिने। यस सन्दर्भमा जनप्रतिनिधि सहित स्थानीय अनुगमन समितिबाट नियमित अनुगमनको व्यवस्था मिलाउन समेत कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं.४:**

संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान अन्तर्गत चेपाङ, चिउरी, चमेरो, मौरीपालन तथा जीवनस्तर सुधार कार्यक्रम सञ्चालन सन्दर्भमा यस गाउँपालिका गाउँकार्यपालिका कार्यालयको मिति २०७८/०९/०५ मा अध्यक्षस्तरको निर्णयानुसार स्वीकृत चेपाङ, चिउरी, चमेरो, मौरीपालन तथा जीवनस्तर सुधार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८ स्वीकृत भई सोहि मापदण्ड अनुसार प्राप्त प्रस्तावनाअनुसार प्राविधिक समितिको स्थलगत अध्ययन प्रतिवेदन र सामाजिक विकास समितिको मिति २०७८/११/२३ गतेको निर्णयअनुसार सिफारिस हुन आएका देहायबमोजिम संस्था/समूह/सहकारी/उद्योगहरु मार्फत २० प्रतिशत लागत सहभागितामा कार्य गर्ने गरी प्रस्तावहरु स्वीकृत गर्ने,

| क्र.सं. | समूह/संस्था/सहकारी/उद्योग | ठेगाना | लाभग्राहि घरधुरी (कम्तिमा) | कार्य क्षेत्र | गापाले व्यहोर्ने बजेट |
|---|---|---|---|---|---|
| १ | श्री लालीगुराँस मौरीपालन तथा सेवा केन्द्र | राक्सिराङ्ग-४ | २० | वडा नं. ४ | रु.५,००,०००/ |
| २ | श्री प्रवाह छिमेकि कृषक समूह | राक्सिराङ्ग-४ | २० | वडा नं. ४ | रु.५,००,०००/ |
| ३ | श्री नेपाल चेपाङ साँस्कृतिक पूनरुत्थान संघ | मनहरी-७ | ६५ | वडा नं. १ र ५ | रु.१६,००,०००/ |
| ४ | श्री मुना कृषी सहकारी संस्था लि. | राक्सिराङ्ग-७ | ९० | वडा नं. ७ | रु १८,००,०००/ |
| ५ | श्री ग्रामिण मौरी उद्योग | राक्सिराङ्ग-६ | ९० | वडा नं. ६ र ९ | रु.१८,००,०००/ |
| ६ | श्री सकृय मौरी कृषक समूह | राक्सिराङ्ग-८ | ३५ | वडा नं. ८ | रु.८,००,०००/ |
| ७ | श्री जनचेतना साना किसान कृषि सहकारी संस्था लिमिटेड | राक्सिराङ्ग-६ | २० | राक्सिराङ्ग-६ | रु.५,००,०००/ |
| | जम्मा | | | | ७५,००,०००/ |

उपरोक्त कार्यक्रमहरुको संचालन व्यवस्थापन तथा सुपरिवेक्षणको लागी कार्यालयबाट हुने विविध कार्यसंचालन तथा प्रशासनिक खर्चको लागि सोहि शीर्षकबाट बाँकी रु. ८,००,०००/ विनियोजन गर्ने ।

१

देव चन्द्र गतौला
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं.५:

राक्सिराङ्ग गाउँपालिका वडा नं. १ बस्ने श्री देब बहादुर थिङ प्रोपराइटर भएको तिलेश्वरी निर्माण सेवा, राक्सिराङ्ग-१ लाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) तथा राक्सिराङ्ग गाउँपालिकाको "घ" बर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ बमोजिम सार्वजनिक निर्माण कार्यको लागि "घ" बर्गको निर्माण व्यवसाय ईजाजतपत्र प्रदान गर्ने ।

## निर्णय नं.६:

आ.ब. २०७८/०७९ को लागि नदीजन्य पदार्थको ठेक्का नलागेको कारण तोकिएको नाकामा नदीजन्य पदार्थहरुको राजश्व संकलनका लागि २४सै घण्टा खटिनु पर्ने भएकोले २४सै घण्टा खटिने कर्मचारीहरुलाई "राक्सिराङ्ग गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८" मा भएको खाजा/खाना खर्चको व्यवस्थाको अतिरिक्त प्रतिदिन प्रति कर्मचारी रु. ४००/ का दरले प्रोत्साहन स्वरुप उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने ।

## निर्णय नं.७:

चालु आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वजेट तथा कार्यक्रमलाई आगामी गाउँसभाबाट अनुमोदन हुने गरी तपसिल अनुसार संशोधन गर्ने ।

| सि.नं | साविक योजना/बजेट शीर्षक विवरण | विनियोजित रकम रु. | संशोधन हुनुपर्ने योजना/बजेट शीर्षक विवरण | विनियोजित रकम रु. |
|---|---|---|---|---|
| १ | छ्योइलिङ गुम्बा भवन निर्माण, राक्सिराङ्ग-३ | ४,००,०००/ | साङ्गे छ्योइलिङ गुम्बा पूर्वाधार निर्माण, राक्सिराङ्ग-३ | ४,००,०००/ |
| २ | सिनाइ चर्च निर्माण, राक्सिराङ्ग-१ | ४,००,००० | ढुंगेनी फेदी तिन दोभान सडक निर्माण | ४,००,०००/ |

## निर्णय नं.८:

मिति २०७८/१०/२७ गते बसेको गाउँपालिका स्तरीय गुनासो सुनुवाई समितिको बैठकको निर्णयबाट सिफारिस भए अनुसार निम्न परिवारहरुलाई गरिब परिवारको सुचिमा समावेश गर्नका लागि गुनासो सुनुवाई मार्गदशन, २०७८ को दफा ६ को व्यवस्था बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय समक्ष अनुरोध गर्ने।

निम्नः

| क्र.सं | नाम थर | वडा नं | बाबुको नाम | टोल | सिफारिस वर्ग |
|---|---|---|---|---|---|
| १ | कान्छी माया प्रजा | ३ | बाँचे प्रजा | पलाँसे | सामान्य गरिब |
| २ | गीता थापा | ३ | बम बहादुर शाही | सरिखेत | सामान्य गरिब |
| ३ | अशोक प्रजा | ३ | भ्याक्चे प्रजा | पलाँसे | सामान्य गरिब |
| ४ | सानु माया गोङ्बा | ३ | सानो जय बहादुर मुक्तान | | सामान्य गरिब |
| ५ | फुल माया प्रजा | ३ | चन्द्र बहादुर प्रजा | | सामान्य गरिब |
| ६ | हिरा कुमारी प्रजा | ३ | राम बहादुर पाखिन | पलाँसे | सामान्य गरिब |
| ७ | ठुली माया चेपाङ(पाखिन) | ३ | संच बहादुर चेपाङ | पलाँसे | सामान्य गरिब |
| ८ | शान्ति माया पाखीन | ३ | सोम बहादुर चेपाङ | | सामान्य गरिब |
| ९ | बिक्रम पाखिन | ३ | टिकाराम पाखिन | पलाँसे | सामान्य गरिब |

राक्सिराङ्ग गाउँ कार्यपालिकाको कार्यालय, मकवानपुर, बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १० | काले प्रजा | ३ | गुमान सिं प्रजा | औले | सामान्य गरिब |
| ११ | मोहन दास ब्लोन | ३ | सुरु मान ब्लोन | | सामान्य गरिब |
| १२ | चिनी माया मुक्तान | ४ | बाबु ब्लोन | | सामान्य गरिब |
| १३ | सन्च माया ब्लोन | ४ | खुशी सिं ब्लोन | बिटधारी | सामान्य गरिब |
| १४ | मन कुमारी थिङ | ४ | गज राज थिङ | | सामान्य गरिब |
| १५ | लाल कुमारी थिङ | ४ | गण राज थिङ | | सामान्य गरिब |
| १६ | सुना माया घलान | ४ | रेसम बहादुर घलान | | सामान्य गरिब |
| १७ | आशमान थिङ | ४ | सन्त बहादुर थिङ | जिमसीराङ्ग | सामान्य गरिब |
| १८ | सुकु माया लामा | ४ | उदय बहादुर स्याङ्गतान | | सामान्य गरिब |
| १९ | खुशी लाल प्रजा | ४ | राम बहादुर प्रजा | भिमदेश | सामान्य गरिब |
| २० | चन्द्र कानते पाखिन | ४ | हर्क मान पाखिन | | सामान्य गरिब |
| २१ | विष्णु माया थिङ | ४ | गण राज थिङ | दुङ्गु खोला | सामान्य गरिब |
| २२ | सुनिल प्रजा | ४ | राम बहादुर प्रजा | भिमदेश | सामान्य गरिब |
| २३ | धन बहादुर गलान | ४ | धर्म सिं गलान | डीहिबारी | सामान्य गरिब |
| २४ | बम बहादुर मुक्तान | ५ | बाघ सिं मुक्तान | बुखुम | सामान्य गरिब |

## निर्णय नं.९:

आ.व. २०७९/०८० का लागि बागमती प्रदेश सरकारसँग समपुरक र विशेष अनुदान तर्फका निम्न योजना तथा कार्यक्रमहरु माग गर्ने ।

निम्न :

समपुरक अनुदान :

१. चैनपुर देविटार मानेडाँडा सडक निर्माण : २ करोड
२. कैलाश कोखारी काँकडा भण्डारा सडक निर्माण : २ करोड
३. जलपरी झरना : २ करोड
४. भिम्बुङ्ग पर्यटन तथा जडिबुटी पार्क : २ करोड
५. चैनपुर सुनारीसौरा भावर नेवारपानी सडक : २ करोड

विशेष अनुदान :

१. जीविकोपार्जन तथा खाद्य सुरक्षा कार्यक्रम : १ करोड
२. सुत्केरी पोषण कार्यक्रम : १ करोड
३. चेपाङ खानेपानी कार्यक्रम : १ करोड

## निर्णय नं.१०:

राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्र मानव बेचबिखनको जोखिम न्यूनीकरण गर्ने कार्यलाई व्यवस्थित गर्न "राक्सिराङ्ग गाउँपालिकाको मानव बेचविखन रोकथाम, नियन्त्रण तथा उद्दार कोष परिचालन निर्देशिका,२०७८" स्वीकृत गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं.११:

आव २०७८।७९ मा यस गाउँपालिकाको चालू खर्चतर्फ विनियोजित देहायका बजेट खर्च शीर्षकहरुमा चालू खर्चबाट देहाय बमोजिम रकमान्तर गरी थप गर्ने ।

| खर्च संकेत नं | शीर्षक | थप हुने रकम |
|---|---|---|
| २२२२१ | मेशीनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | ५,००,००० |
| २८१४३ | सवारी साधन तथा मेशिनरी औजार भाडा | ५,००,००० |
| | इन्धन अन्य प्रयोजन (जेसीबी तथा उपकरण संचालन) | ५,००,००० |

## निर्णय नं.१२:

९क० आ.व.२०७८/०७९ का लागि म्याद थप भइ आएका तपसिलका आयोजना तथा कार्यक्रमको सम्पन्न गर्ने समयावधि चालु आ.व.को फागुन मसान्तसम्म रहेकोमा यस सालको वर्षाद्को समय लम्बिई निर्माण सामग्री ढुवानीमा कठिनाई, कोभिड १९ को संक्रमणको जोखिम तथा विभिन्न वाध्यात्मक आदेशहरुको कारण तोकिएको समयसीमाभित्रै कार्यसम्पन्न गर्न नसकिने भनी निर्माण व्यवसायी संस्थाहरुको मागलाई दृष्टिगत गरी २०७९ साल जेठ मसान्तसम्म सक्ने गरि म्याद थप गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

तपशिल :

| सि.नं. | आयोजनाको नाम | ठेगाना | अनुदानको किसिम | ठेक्का रकम | ठेक्का लिने फर्म | सम्झौता मिति |
|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य ईकाइ भवन निर्माण | राक्सिराङ्ग-१ | संघिय अनुदान | ३८८६३५५.२४ | तामाङ्ग कन्स्ट्रक्सन | २०७७/०२/१९ |
| २ | स्वास्थ्य ईकाइ भवन निर्माण | राक्सिराङ्ग-४ राक्सिराङ्ग | संघिय अनुदान | ३८८६३५५.२४ | अंकिता निर्माण सेवा | २०७७/०२/१९ |
| ३ | स्वास्थ्य ईकाइ भवन निर्माण | राक्सिराङ्ग-७ धिराङ्ग | संघिय अनुदान | ३८८६३५५.२४ | तामाङ्ग कन्स्ट्रक्सन | २०७७/०२/१९ |
| ४ | दुङ्गु गोराङ्दी दोभान सडक | राक्सिराङ्ग-४ | गा.पा. | १९,३३,६०७.०० | सुशान कन्स्ट्रक्सन,भिम्फेदी-४ | २०७७/११/०३ |
| ५ | चैनपुर बोटबारी परेवाभिर सडक | राक्सिराङ्ग-५ | संघिय अनुदान | ४,३२,१५,८२२.०० | लामा-बानियाँ जे/भी हेटौडा | २०७७/८/२२ |

ख) आ व २०७७।७८ को चैनपुर देबीटार मानेडाँडा-धिराङ्ग जोड्ने सडक राक्सिराङ्ग-८ र ७ तथा चैनपुर सुनारीसौरा लापुर सानोभावर सडक राक्सिराङ्ग-२ निर्माण कार्यको लागि श्री वेहडाबाबा निर्माण सेवा धनगढीसँग २०७७।८।३० मा सम्झौता भई ६ महिनाभित्र कार्यदिश भएको, यस कार्यालयबाट २०७८ पौष मसान्तसम्म म्याद थप गरेकोमा पटक पटक ताकेता गर्दा पनि सम्पर्कमा नआएको र कार्य सुरु नगरेको हुँदा निर्माण कार्य सम्पन्न गर्नुपर्ने आवश्यकताका कारण निज सेवा प्रदायक संस्थालाई नियमानुसार कारबाही प्रकृया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राक्सिराङ, मकवानपुर बागमती प्रदेश, नेपाल

देव चन्द्र गैतोला
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.१३:**

स्ट्रेन्थ डेभलपर्स प्रा.लि., बानेश्वर, काठमाडौंद्वारा तयार गरि पेश भएको बोट्बारी-परेवाभिर-रतुवा- डोलडांडा (२२.६ कि.मि.) सडक निर्माण योजनाका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ को दफा ७ को उपदफा (४) बमोजिम स्वीकृत गर्ने।

**निर्णय नं.१४:**

क। राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागको प.स. २०७८/७९ च.न. १२०४ को पत्रानुसार यस गाउँपालिकामा कार्यरत एमआईएस अपरेटर र फिल्ड सहायकहरुको ६ महिना बराबर हुन आउने पारिश्रमिक बजेट साझेदारी प्रतिवद्धता उक्त विभागमा पठाउने ।

**निर्णय नं.१५:**

चालु आ.व. २०७८/७९ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको योजनाहरु संझौता भई कार्यान्वयन भइरहेको र उक्त कार्यक्रमको कार्यविधि अनुसार मन्त्रालयवाट विनियोजित शसर्त अनुदान तर्फको वजेट कामदारहरुको पारिश्रमिकमा मात्र खर्च गर्नुपर्ने व्यवस्था भएकोले हालसम्म सम्झौता भईसकेका रोजगार कार्यक्रमतर्फको तटवन्धनका योजनाहरुलाई ग्याविन जाली गाउँपालिकाको अन्य शीर्षकवाट खरीद गरिएको मौज्दातवाट निशुल्क उपलब्ध गराउँदै आईरहेकोमा हाल उक्त मौज्दातमा ग्याविन जाली पर्याप्त नभएकोले सम्झौता गर्न वाँकी रोजगार योजनाहरुको लागि ग्याविन जाली उपलव्ध गर्न नसकिने भएकोले तपशिल वमोजिमका सम्झौता गर्न बाँकी रोजगार कार्यक्रमतर्फको तटवन्धन शीर्षकका योजनाहरु शंसोधन गर्ने निर्णय गरियो ।

तपशिल :

**कामका लागि पारिश्रमिक अन्य तर्फ**

| सि.नं. | वडा नं. | शंसोधन गर्नुपर्ने योजना | शंसोधित योजना | कैफियत |
|---|---|---|---|---|
| १. | ३. | श्री झिल्किनी विद्यालय पहिरो सरसफाई तथा व्यवस्थापन | खहरे कोलडाँडा कोलाङति सडक नाला तथा गोरेटो बाटो निर्माण | २०७८/०९/३ को गाउँसभामा पहिलो शंसोधन भएको |
| २. | ६ | सिदाम खोला बुझराङ्ग घुमाउने मोड तटवन्धन योजना | सिदाम खोला बुझराङ्ग बाटो मर्मत तथा नाली सुधार | |
| ३. | ६ | जनसेवा प्रा.वि. तटवन्धन | सीमर गाउँ देखि माकल दमार बाटो मर्मत तथा नाली सुधार | |
| ४. | ६ | सिलाधुनी तटवन्धन | सिलाधुनी बाटो मर्मत तथा नाली सुधार | |

**कामका लागि पारिश्रमिक अनुदान युवारुप तर्फ**

| सि.नं. | वडा नं. | शंसोधन गर्नुपर्ने योजना | शंसोधित योजना | कैफियत |
|---|---|---|---|---|
| १. | २ | श्री प्रजा प्रगति आ.वि. कुँडुले तटवन्धन | कुवा तथा सडक नाली निर्माण तथा सरसफाई | |
| २. | ६. | कराँसे तटवन्धन | सिलिंगे देखि करांसे बाटो मर्मत तथा नाली सुधार | २०७८/०९/३० को गाउँसभामा पहिलो शंसोधन भएको |

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय